राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
०८२-५९०६४१


पत्र संख्याः २०८२/०८३
चलानी नम्बरः ५१६

मिति : २०८२/०९/०६

विषयः विशेषज्ञमा सूचीकृत हुने सम्बन्धी सूचना ।

श्री सम्बन्धित सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु,
राजपुर, गढवा र राप्ती गाउँपालिका तथा लमही नगरपालिका, दाङ ।

प्रस्तुत विषयमा शिक्षा नियमावली (संशोधन सहित), २०५९ को नियम ९६(क) को उपनियम (६) मा भएको प्रावधान बमोजिम सोही नियमको उपनियम (१) अनुसार यस राजपुर गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा रिक्त हुने प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न गठन हुने शिक्षक छनौट समितिमा रहने विशेषज्ञहरुको सूची अध्यावधिक गर्नुपर्ने भएकाले उपर्युक्त प्रावधान बमोजिम विशेषज्ञको रुपमा काम गर्न इच्छुक सम्बन्धित विषयमा देहाय बमोजिम योग्यता पुगेका माध्यमिक र निम्नमाध्यमिक तहका लागि गढवा/राप्ती र लमहीमा कार्यरत शिक्षकसमेत तथा प्राथमिक तहका लागि यस राजपुर गाउँपालिकामा कार्यरत शिक्षकहरुले मात्र यो पत्र प्रकाशन भएको मितिले १५ पन्ध्र दिनभित्र तपसिलका कागजपत्र सहित तोकिएको ढाँचामा राजपुर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

आवश्यक योग्यताः

क) माध्यमिक तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा शिक्षाशास्त्र संकायमा स्नातकोत्तर तह उत्तीर्ण गरेको वा अन्य संकायबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हकमा १ वर्षे बि.एड. वा माध्यमिक तहको १० महिने तालिम पुरा गरेको हुनुपर्ने ।
ख) आधारभूत तह कक्षा ६-८ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तीर्ण गरेको वा अन्य संकायबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको हकमा १ वर्षे बि.एड. वा १० महिने तालिम पुरा गरेको हुनुपर्ने ।

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
०८२-५९०६४१
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

ग) आधारभूत तह कक्षा १-५ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको वा अन्य संकायबाट स्नातक तह उत्तीर्ण गरेको हकमा १ वर्षे वि.एड. वा १० महिने तालिम पुरा गरेको हुनुपर्ने ।

घ) विशेषज्ञ हुन चाहेको तह वा विषयको शिक्षण अनुभव कम्तिमा ५ वर्ष हुनुपर्नेछ। जसमा स्थायी सेवा अवधि कम्तिमा २ वर्ष र बाँकि ३ बर्ष अस्थायीसमेत गणना गर्न सकिनेछ ।

<u>आवश्यक कागजात:</u>

क) सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपी तथा तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी ।

ग) अस्थायी तथा सुरु स्थायी नियुक्ति पत्र ।

घ) कार्यरत विद्यालयको सेवा प्रमाणित पत्र ।

ङ) आवेदन दस्तुर रु. ५००/- मात्र ।

च) निवेदनका साथमा सम्बन्धित तह र विषयको कम्तिमा ३ सेट प्रश्नपत्रको हार्डकपि र सफ्टकपि संलग्न गर्नुपर्नेछ ।

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत